आज मिति २०८१ साल फाल्गुण महिनाको ०२ गते शुक्रबारका दिन यस जयपृथ्वी नगरपालिकाका नगर प्रमुख **श्री चेतराज बजाल** ज्यूको अध्यक्षतामा तपसिलको उपस्थितिमा नगर कार्यपालिकाको बैठक बसी देहाय बमोजिमको निर्णय पारित गरियो ।

## उपस्थिति

| क्र.सं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | चेतराज बजाल | नगर प्रमुख | |
| २ | रतन बहादुर सिंह | नगर उप-प्रमुख | |
| ३ | डम्बर बहादुर सिंह पुष्प बहादुर सिंह | वडा अध्यक्ष वडा नं. १ | |
| ४ | कलक बहादुर खड्का | वडा अध्यक्ष वडा नं. २ | |
| ५ | गंग बहादुर खड्का | वडा अध्यक्ष वडा नं. ३ | |
| ६ | ईश्वर बहादुर खाती | वडा अध्यक्ष वडा नं. ४ | |
| ७ | प्रेम बहादुर थापा | वडा अध्यक्ष वडा नं. ५ | |
| ८ | नरेन्द्र बहादुर सिंह | वडा अध्यक्ष वडा नं. ६ | |
| ९ | शिवराज जोशी | वडा अध्यक्ष वडा नं. ७ | |
| १० | लोकेन्द्र वहादुर वोहरा | वडा अध्यक्ष वडा नं. ८ | |
| ११ | गोपाल वहादुर खड्का | वडा अध्यक्ष वडा नं. ९ | |
| १२ | पुष्प वहादुर सिंह | वडा अध्यक्ष वडा नं. १० | |
| १३ | सर्जन वहादुर थापा | वडा अध्यक्ष वडा नं. ११ | |
| १४ | उत्तरा कुइकेल खड्का | महिला सदस्य | |
| १५ | सुर्मा रोकाया धामी | महिला सदस्य | |
| १६ | सरस्वती कुमारी जोशी | महिला सदस्य | |
| १७ | धनलक्ष्मी उपाध्याय | महिला सदस्य | |
| १८ | कमला कुमारी कामी | महिला सदस्य | |
| १९ | धर्मराज रसाईली | कार्यपालिका सदस्य | |
| २० | लाल वहादुर सुनार | कार्यपालिका सदस्य | |
| २१ | लोकेन्द्र वि.क. | कार्यपालिका सदस्य | |
| २२ | सिद्धराज पण्डित | सचिव (प्रमुख प्रशासकीय अधिकृत) | |
| २३. | सुमन जोशी | सूचना प्र. अधिकृत | |
| २४. | कृष्ण प्रसाद जोशी | प्र. स. पाँचौं | |
| २५ | तेज ब० सिंह | क. अ. | |
| २६ | धर्मराज जोशी | प्र. स. चौथो | |
| २६ | सुनिता खाती | कों. सं. | |

## मिति २०८१।११।०२ गते बसेको नगर कार्यपालिका बैठकका निर्णयहरु ।

**निर्णय नं.१**

मिति २०८१।१०।०८ गते बसेको कार्यपालिका बैठकबाट जम्मा ३ वटा निर्णय भएकोमा केही कार्यान्वयन भैसकेको र केही कार्यान्वयनको क्रममा रहेको जानकारी बैठकलाई गराईयो ।

**निर्णय नं.२**

आ.व. २०८२/०८३ मा संघीय सरकारबाट प्राप्त हुने समपुरक/विशेष अनुदानको लागि तपसिल बमोजिमका योजनाहरु छनौट तथा प्राथमिकिरण गरी सिफारिस गर्ने निर्णय गरियो ।

<u>तपसिल</u>

समपुरक अनुदान

| प्राथमिकता क्रम | योजनाको नाम | कार्यान्वयन हुने स्थान | कैफियत |
|---|---|---|---|
| १ | चैनपुर बजार सडक मर्मत तथा स्तरोन्नती | वडा नं १० | |
| २ | बाशुधारा/चम्कीलि खानेपानी निर्माण | वडा नं ४ | |
| ३ | किम्तोला धम्नाउ सडक स्तरोन्नती | वडा नं ७ | |

विशेष अनुदान

| प्राथमिकता क्रम | योजनाको नाम | कार्यान्वयन हुने स्थान | कैफियत |
|---|---|---|---|
| १. | Land fill site निर्माण | | |
| २. | जालपा मा वि खेल मैदान निर्माण | वडा नं ९ | |
| ३. | सत्यवादी माध्यामिक विद्यालय भवन निर्माण | वडा नं.११ | |

**निर्णय नं.३ कार्यविधि स्वीकृत सम्बन्धमा ।**

छलफलको लागि पेश भएका निम्न वमोजमिका कार्यविधि स्वीकृत गर्ने निर्णय गरियो ।

जयपृथ्वी नगरपालिकाको मर्मतसंभार कोष संचालन कार्यविधि, २०८१

जयपृथ्वी नगरपालिकाको आर्थिक सहायता वितरण मापदण्ड, २०८१

जयपृथ्वी नगरपालिकाको विद्यालय भान्साघर निर्माण कार्यविधि, २०८१

जयपृथ्वी नगरपालिकाको आपतकालिन वालकोष संचालन निर्देशिका(संशोधन), २०८१

मेलमिलाप कार्यविधि, २०८१

२०८१/११/०२

खिड्ग राज पण्डित
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

निर्णय नं ४

जयपृथ्वी नगरपालिका तथा अन्तर्गत कार्यरत कर्मचारीहरुको २०८१ पौष मसान्तमा करार सेवा अवधि सकिएकोले कार्यरत सम्पुर्ण कर्मचारीहरुको मिति २०८१ माघ १ गते देखि लागु हुने गरी आगामी २०८२ आषाढ मसान्तसम्म म्याद थप गर्ने निर्णय गरियो ।

निर्णय नं. ५

भौतिक पुर्वाधार तथा यातायात मन्त्रालयको आ.व.२०८१/०८२ को स्वीकृत वार्षिक वजेट तथा कार्यक्रममा यस जयपृथ्वी नगरपालिकाको वडा नं.१० को चैनपुर र ऐ.नगरपालिकाको वडा नं.३ को डुङ्ग्री जोड्ने (चैनपुर डुङ्ग्री सेतिनदी पुल-कपडिया घटमना सेति नदी पुल ज.न.पा.१०, बझाङ्ग) पुल निर्माणको लागि कार्यक्रम स्वीकृत भई निर्माण प्रक्रियाको सुरुवाती अवस्थामा रहेको तथा सोही पुल निर्माण सम्बन्धमा मिति २०८१।१०।२६ गते नगर प्रमुख सहितको उपस्थितिमा पुल निर्माण हुने क्षेत्रका जग्गा धनि तथा अन्य सरोकारवाला नागरिक संग छलफल भई पुल निर्माण तथा डुङ्ग्रि गाड(खोला)मा निर्माण हुने मष्टा गाउँपालिका जोड्ने पुलसम्म समेत सडक वाटो निकासको लागि सो क्षेत्रका जग्गा धनि तथा सरोकारवाला अन्य नागरिक कसैको पनि विवाद तथा अवरोध नभएकोले स्वीकृत कार्यक्रममा तोकिएको स्थानमा नै मोटरेवल पुल निर्माणको प्रक्रिया यथाशिघ्र अगाडी वढाईदिन हुन भौतिक पुर्वाधार तथा यातायात मन्त्रालय, सिंहदरवार, काठमाडौमा अनुरोध सहित पत्राचार गर्ने निर्णय गरियो ।

निर्णय नं ६

जयपृथ्वी नगरपालिका वडा नं.१ र २ तथा वडा नं.७ अन्तर्गतको तमैलमा प्रहरी चौकी नभएको र उल्लेखित क्षेत्र प्रहरी चौकी भएका अन्य स्थानबाट समेत टाढाको दुरीमा रहेकोले सम्वन्धित क्षेत्रका नागरिकको माग तथा उक्त क्षेत्रको सुरक्षा संवेदनशिलता तथा गम्भिरताको दृष्टिकोण समेतलाई मध्यनजर गर्दै सम्वन्धित क्षेत्रको शान्ति सुरक्षा तथा अमन चयनको लागि वडा नं १ र २ को मध्य विन्दु मोर्तोली तथा वडा नं ७ को तमैलमा अस्थायी प्रहरी चौकी स्थापनाको लागि जिल्ला सुरक्षा समिति लगायतका सम्वन्धित निकायलाई अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं.७

जयपृथ्वी नगरपालिकाको आ.व.२०८१।०८२ को स्वीकृत बार्षिक बजेट तथा कार्यक्रम अन्तर्गत २०८१ माघ महिना भरी विभिन्न आयोजना तथा कार्यक्रम कार्यान्वयनको अवस्था सम्बन्धमा नगर-उप प्रमुखले पेश गरेको अनुगमन प्रतिवेदन माथी आवश्यक छलफल गरी अनुमोदन गर्ने निर्णय गरियो ।

निर्णय नं ८

स्थानीय आर्थिक विकास मुल्यांकन कार्यविधि, २०७९ अनुसार स्थानीय आर्थिक विकासको प्रवर्द्धनको लागि तपसिल बमोजिमका पदाधिकारीहरु रहने गरी स्थानीय आर्थिक विकास संवाद समिति गठन गर्ने निर्णय गरियो ।

८१।११।०२

निर्णय नं ४
जयपृथ्वी नगर
सकिएकोले

तपसिल

(१) नगर प्रमुख श्री चेतराज वजाल- संयोजक

(२) उप-प्रमुख श्री रतन बहादुर सिंह- सदस्य

(३) आर्थिक विकास समिति संयोजक श्री डम्वर वहादुर सिंह-सदस्य

(४) घरेलु तथा साना उद्योग सम्वन्धी मान्यता प्राप्त संस्थाको नगर तहको अध्यक्ष- सदस्य

(५) उद्योग वाणिज्य सम्बन्धी मान्यता प्राप्त संघ संस्थाहरुको नगर तहको अध्यक्ष- सदस्य

(६) स्थानीय उत्पादनमा आधारित सहकारीहरु मध्येवाट संयोजकले तोकेको १ जना प्रतिनिधि- सदस्य

(७) स्थानीय तहमा रहेका बैंकहरुमध्यबाट संयोजकले तोकेको १ जना प्रतिनिधि- सदस्य

(८) स्थानीय तहमा सबैभन्दा वढी रोजगारी प्रदान गर्ने उद्यमी १ जना- सदस्य

(९) प्रमुख प्रशासकीय अधिकृत- सदस्य सचिव

**निर्णय नं.९**

जयपृथ्वी नगरपालिका वडा नं.१० अन्तर्गतको सडक निर्माणको विषयलाई लिएर वडा नं १० का अध्यक्ष समेतलाई विपक्षी बनाई जिल्ला अदालत वझाङ्गमा दायर भएको मुद्धाको सम्वन्धमा नगरपालिकाको तर्फबाट वहस पैरवीको लागि ऐ.नगरपालिका वडा नं. १० बस्ने अधिवक्ता श्री मोहन राज उपाध्यायलाई नियुक्त गर्ने तथा मुद्धाको बहस तथा पैरवीको अवधिमा निजले नियमानुसार पाउने पारिश्रमिक पालिकाको विविध शिर्षकमा विनियोजित रकमबाट भुक्तानी गर्ने निर्णय गरियो ।

**निर्णय नं.१०**

जयपृथ्वी नगरपालिका तथा अन्तर्गतबाट प्रवाह हुने सेवाका सम्वन्धमा आवश्यक छलफल सहित समिक्षा गरियो तथा सेवा प्रवाहमा देखिएका कमिकमजोरीहरुलाई सुधार गर्दै आगामी दिनमा पालिकावाट प्रवाह हुने सेवालाई अझै प्रभावकारी बनाउन सुधारको कार्ययोजना सहित अगाडी वढ्ने निर्णय गरियो ।

**निर्णय नं.११**

जयपृथ्वी नगरपालिका वडा नं. ७ अन्तर्गतको कचाली खोलमा बर्षातको समयमा खोलामा पानीको मात्रा वढी सम्वन्धित क्षेत्र वरपरका नागरिकलाई आवतजावतमा समस्या हुने भई सहजताको लागि काठेपुल निर्माण भईसकेकोले नगरपालिकाको प्राविधिक कर्मचारी खटाई प्राविधिक मुल्यांकन वमोजिम हुन आउने रकम पालिकाको विपद व्यवस्थापन शिर्षकमा विनियोजित रकम बाट भुक्तानी गर्ने निर्णय वैठकको सर्वसम्मतिले अनुमोदन गरियो।

२०८१।१।०२

Sangam

Scanned with CamScanner